# वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान छानविन प्रतिवेदन

बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानका विविध विषयका उजुरीहरुका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्न राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७६।०९।०८ को निर्णय तथा च.नं. २४३०१०१४४२ मिति २०७६।०९।०९ को पत्रानुसार हामीलाई खटाइएको।

## १. उजुरीको संक्षिप्त व्यहोरा

### क. केन्द्रको गो.द.नं. २७८ मिति २०७६।८।८ को उजुरी-

**I. निमित्त उपकुलपति प्रा.डा. गुरु प्रसाद खनालका सम्बन्धमा-**

१. **निमित्त उपकुलपतिले** आफ्नो कार्यक्षेत्र भन्दा बाहिर गई नेपाल सरकारद्वारा नियुक्त गरिएका **बहालवाला अस्पताल निर्देशकको जिम्मेवारी एवं अधिकार खोसी अधिकारविहीन बनाई एकलौटी ढङ्गले करोडौंको भुक्तानी तथा निर्णयहरु गरेको ।**

२. सार्वजनिक खरिद ऐन र नियमावली विपरीत आरोप पत्र दायर भएको व्यापारीहरु संलग्न रहेको फर्म तथा कम्पनीबाट खरिद प्रकृया गरिरहेको ।

३. प्रतिष्ठानलाई घाटा र आफूलाई नाफा हुने गरी आफू निकटलाई डेपुटी अस्पताल निर्देशकमा नियुक्त गरी डेपुटी उपकुलपति सरह अधिकार प्रत्यायोजन गरी अस्पताल निर्देशकलाई अधिकार विहीन बनाएको ।

४. निमित्त उपकुलपतिले आफ्नो अधिकारको चरम दुरुपयोग गरी प्रतिष्ठानलाई बन्दी बनाई करोडौं भ्रष्टाचार गरेको ।

५. रु. ५,५०,०००।- को चेक काण्डमा मुछिएका तत्कालीन आर्थिक प्रशासन महाशाखा प्रमुख रुपा सिंघाली अग्रवाल छानविनको दायरामा रहेको अवस्थामा आर्थिक चलखेल गरी निजलाई पुन: सोही महाशाखामा पुनर्वहाली गरिएको ।

६. निलम्बनमा रहेका कम्प्युटर इञ्जिनियर राकेश कुमार दासलाई प्रकृया नपुर्याई आर्थिक चलखेलमा पुन: नियुक्ति गरी कम्प्युटर शाखा प्रमुख बनाइएको ।

७. प्रतिष्ठानको अक्सिजन प्लान्ट तीन वर्ष सम्म जडान नगरी प्रतिष्ठानलाई अहित गर्ने इलेक्ट्रोनिक्स ईञ्जिनियर राहुल मिश्रलाई पुन: अक्सिजन प्लान्ट एवं इञ्जिनियर

काउन्सिलको ऐन नियमावली विपरीत बायोमेडिकल सम्बन्धी सम्पूर्ण कार्य गर्ने गरी जिम्मेवारी दिएको । विभिन्न सप्लायर्ससँग आर्थिक चलखेल गर्नका लागि प्रतिष्ठानमा बायोमेडिकल सम्बन्धी कार्य गर्ने विशेषज्ञ प्राविधिक हुँदाहुँदै निज इलेक्ट्रोनिक्स ईञ्जिनियरसँग परामर्श लिई करोडौंको उपकरण खरिद एवं भुक्तानी गरेको ।

८. प्रतिष्ठानको ऐन र नियमावली विपरीत दुई दुई वर्षमा शाखा प्रमुखहरुको स्थानान्तरण गर्नुपर्नेमा निजले एक वर्ष मात्र कार्यकाल पूरा गरेका प्रमुखहरुको स्थानान्तरण गरी आफू निकटतम व्यक्तिलाई ल्याई आर्थिक चलखेल गरेको ।

## ख. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. भ्र.नि./५२१/२५०५ मिति २०७६।७।१८ को पत्रसाथ प्राप्त उजुरी-

**I. <u>निमित्त उपकुलपति प्रा.डा. गुरु प्रसाद खनालका सम्बन्धमा-</u>**

१. निजले निमित्त उपकुलपतिको हैसियतले मन्त्रालयले तोकिदिएको मिति २०७६।०३।३० मा उल्लिखित अधिकार भन्दा बाहिर गई अनियमित तवरबाट प्रतिष्ठानलाई ठूलो आर्थिक भार पर्नेगरी आफू बस्ने क्वाटर रु. २२,००,०००।- मा मर्मत गर्न लगाएको ।

२. निजले चढी आएको गाडी बदली भि.सी.ले चढ्ने गरेको नयाँ र लक्जरियस गाडी चढ्ने र आफ्नो घरायसी प्रयोजनमा लगाएको ।

३. हाल निलम्बनमा रहेका पूर्व उपकुलपति डा. बलभद्र प्रसाद दासको घरायसी एवं निजी प्रयोगको लागि निजको सप्तरी तथा कञ्चनपुर स्थित घर निवास सम्म प्रतिष्ठानका सवारी साधन तथा कर्मचारीलाई ओसारपसार एवं अन्य निजी कामको लागि प्रयोग गर्ने समेतको आफ्नो पदको व्यापक दुरुपयोग गरेको ।

४. अधिकारै नभएको नि. उपकुलपति पदको चरम दुरुपयोग गरी लाखौं रुपैयाँ असुल गरी अस्पतालको डेपुटी डाइरेक्टरमा डा. दिलीप ठाकुरलाई नियुक्त गरेको ।

५. RSO (Radio Safety Officer) पदका अरुण कुमार गुप्तालाई नियम विपरीत Assistance Professor जस्तो प्राज्ञिक पदमा नियुक्ति दिएको ।

६. Electronics Engineer राहुल मिश्र Electromed शाखा प्रमुख र Computer शाखा प्रमुखमा, सक्कली सर्टिफिकेट पेश नगरेको सम्बन्धमा अ.दु.अ.आ. को छानविनमा परेका राकेश दासलाई लाखौं रकमको चलखेलमा नियुक्ति गरिएको ।

७. रजिष्ट्रारका भाइ नाता पर्ने गोपाल श्रेष्ठलाई आर्थिक चलखेलद्वारा अन्य पदाधिकारीहरुसँगको छलफल सल्लाह बिना प्रतिष्ठानको सरसफाईको ठेक्का दिएको ।

८. पदाधिकारीहरुबीच पर्याप्त छलफल तथा का.स. बाट निर्णय नगरी एकलौटी ढङ्गले प्रतिष्ठान अन्तर्गतका करार सेवाका दैनिक ज्यालादारी कर्मचारीहरुलाई दिइने दैनिक ज्याला रु. ३९९।- बाट रु. ५१७।- गरी प्रतिष्ठानलाई थप आर्थिक भार दिएको ।

**II. <u>आर्थिक शाखा प्रमुख रुपा सिंघाची अग्रवालका सम्बन्धमा-</u>**

१. प्रतिष्ठानको आधुनिक लेखा प्रणाली चुस्त दुरुस्त पार्ने भनी कथित सुवाध कन्सल्टेन्सी सँगको मिलेमतोमा निज अग्रवालले रु. २०,००,००,०००।- नियोजित रुपमा प्रतिष्ठानलाई आर्थिक नोक्सानी पारेको ।

**III. <u>अन्य विविध विषयका सम्बन्धमा-</u>**

१. प्रतिष्ठानको निर्माणाधीन अनुमानित २ अरब ५० करोड लागतमा बन्न लागेको MCH (Maternal and Child Health) Building मा आर्थिक अनियमितता भएको ।

## ग. राष्ट्रिय सतर्कता केन्द्रलाई सम्बोधन गरिएको मिति २०७६।०६।१४ को उजुरी-

**I. <u>निमित्त उपकुलपति प्रा.डा. गुरु प्रसाद खनालका सम्बन्धमा-</u>**

१. मिति २०७६।५।२८ मा लिएको MBBS परीक्षाको नतिजा प्रकाशन गर्दा समेत ठूलो आर्थिक चलखेलको आधारमा मनोमानी ढङ्गले साविकको परीक्षा समिति भङ्ग गरी परीक्षा समितिमा आफ्नो अनुकुलका मानिस राखी आफ्नी छोरी अनुष्का खनाललाई पास गराएको । प्रति विद्यार्थी रु. १० लाखका दरले ५० भन्दा बढी विद्यार्थीहरुबाट करोडौं असुली गरेको ।

२. प्रतिष्ठानको नियमावली विपरीत फिजियोलोजी विभागका प्रा.डा. दिलीप ठाकुरलाई रु. ७५,००,०००।- को चलखेलमा अतिरिक्त जिम्मेवारी तोकी Deputy Director नियुक्त गरेको ।

३. Medical officers, Metrons नियुक्त गरी निजहरुको तलबमान वृद्धि गरी आर्थिक अनियमितता तथा प्रतिष्ठानलाई आर्थिक भार बढाएको ।

४. प्रतिष्ठानको सुरक्षा व्यवस्थाको करार अवधि पूरा भई अर्को व्यवस्था नहुञ्जेलसम्मको लागि काम गरिरहेको KTM Security Services Pvt. Ltd. ले प्रतिष्ठान विरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा हाली मुद्दा विचाराधीन रहेको अवस्थामा निजले पाउने रकम रोक्का रहेकै अवस्थामा कमिशनको आधारमा रु. १,१९,००,०००।- रकम निकासा गरेको ।

५. निलम्बित रजिष्ट्रार तुल बहादुर श्रेष्ठलाई रु. १,५०,०००।- निकासा गरेको ।

**घ. छानविन एवं कारवाही वारे विषयको मिति २०७६।०८।२९ को उजुरी-**

१. Medical officer को नियुक्तिमा प्रति Candidate मोटो रकम असुलेको र सो वापत निजहरुलाई Quarter प्रदान गरेको ।

**ङ. Oxygen Generation Plant वारे विषयको मिति २०७६।०८।२९ को उजुरी-**

१. प्रतिष्ठानका इलेक्ट्रोनिक्स ईञ्जिनियर, तत्कालीन उपकुलपति बी.पी. दास र अस्पताल निर्देशक अरविन्द कुमार सिन्हाको मिलेमतोमा प्रतिष्ठानमा हाल नक्कली अक्सिजन प्लान्ट आपूर्ति भई टेण्डर सम्झौताको ३ वर्ष पछि जडान भएको तर सो प्लान्ट बिग्रिएको अवस्थामा रहेको । त्यसैले प्रतिष्ठानले अक्सिजन सिलिण्डर खरिद गरिरहेको।

**च. राष्ट्रिय सतर्कता केन्द्रलाई सम्बोधन गरिएको मिति २०७६।०९।०४ को उजुरी-**

१. प्रतिष्ठानले मिति २०७६।०९।०१ मा एसिस्टेण्ट प्रोफेसर, एसोसिएट प्रोफेसर, एडिसनल प्रोफेसर पदका लागि गरेको विज्ञापन प्रतिष्ठानको नियम विपरीत एवं दरवन्दी बढी सिट संख्याको विज्ञापन गरेको । दरवन्दी नभएको पदमा लोक सेवा आयोगको परामर्श सहमति बेगर पद सृजना गरी विज्ञापन गरेको ।

**छ. केन्द्रको स.स.द.नं. ५५७ मिति २०७५।१०।०२ को उजुरी-**

१. म्याद सकिइसकेका Texan hotel, KTM Security आदिसँग साँठगाँठ गरी रकम असुली म्याद थप गरेको ।

**ज. केन्द्रको गो.द.नं. १०५० मिति २०७५।१२।११ को उजुरी-**

१. प्रतिष्ठानका सहकुलपतिले रेक्टर गुरु खनाललाई निमित्त उपकुलपतिको जिम्मेवारी दिएको पत्र दर्ता नै शंकास्पद रहेको ।

## २. अध्ययन विधि

छानविनको क्रममा निम्न विधि अवलम्बन गरी छानविन प्रतिवेदन तयार गरिएको छ ।

- उजुरीसँग सम्बन्धित विषयमा बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानसँग कागजात माग गरी उपलब्ध गराएका कागजातहरु अध्ययन गरिएको ।
- उजुरीसँग सम्बन्धित विषयमा प्रतिष्ठानमा कार्यरत आर्थिक प्रशासन शाखा, प्रशासन शाखा, स्टोर शाखा तथा अन्य जिम्मेवार पदाधिकारीहरुसँग सोधपुछ तथा छलफल गरिएको ।
- प्रतिष्ठानको अक्सिजन प्लान्टको स्थलगत निरीक्षण गरी सो प्लान्ट सञ्चालन भए नभएको र कसरी सञ्चालन भएको छ भन्ने सम्बन्धमा जानकारी लिइएको ।

## ३. छानविनको सीमा

उजुरीको विषयमा केन्द्रित रहेर छानविन टोलीलाई प्राप्त अधिकार क्षेत्र तथा स्रोत साधनको दायराभित्र रही छानविन कार्य सम्पन्न गरिएको छ । बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले उपलब्ध गराएको कागजात तथा सो विभागमा कार्यरत आर्थिक प्रशासन शाखा, प्रशासन शाखा तथा स्टोर शाखाका कर्मचारीहरुसँगको छलफलको आधारमा प्रस्तुत छानविन प्रतिवेदन तयार गरिएको छ ।

## १.५. छानविनबाट देखिएको वस्तुस्थिति-

**(क) निमित्त उपकुलपति गुरु प्रसाद खनालका सम्बन्धमा ।**

१. **अस्पताल निर्देशकलाई प्रतिष्ठानको ऐन, नियमावली विपरीत अधिकारविहीन बनाएको भन्ने समेतका सम्बन्धमा ।**

➢ बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को परिच्छेद-९ को नियम ९.४ मा अस्पताल निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ भनी उल्लेख भएको-

(१) प्रतिष्ठानद्वारा सञ्चालित अस्पतालको समग्र विकासको लागि अन्य पदाधिकारीहरु सित समन्वय राखी अस्पतालको प्रमुख पदाधिकारीको जिम्मेवारी वहन गर्नु,

(२) प्रतिष्ठान अस्पतालको प्रशासनिक, प्राविधिक र स्वास्थ्य सेवा कार्य तथा प्रतिष्ठानको शिक्षण जिल्ला अवधारणा अनुरुप विभिन्न स्वास्थ्य केन्द्रहरुमा प्रदान गरिने स्वास्थ्य सेवा सम्बन्धी कार्यलाई समेत समन्वयात्मक र एकीकृत रुपमा नियमित तथा नियन्त्रित गरी त्यसलाई राम्ररी सञ्चालन गर्नु गराउनु,

(३) प्रतिष्ठानको दीर्घकालीन योजना अनुरुप अन्य पदाधिकारीसित सम्पर्क र समन्वय राखी अस्पतालको वार्षिक कार्यक्रम तथा लक्ष्य र बजेट तैयार गरी उपकुलपतिमा पेश गर्नु,

(४) अस्पतालको वार्षिक प्रतिवेदन तैयार पारी उपकुलपतिमा पेश गर्नु,

(५) स्वीकृत योजना तथा निर्धारित लक्ष्य अनुरुप अस्पतालको कार्यक्रमको कार्यान्वयन गर्नु गराउनु,

(६) परिषद् तथा समितिको सामान्य निर्देशनमा रही अस्पताल अन्तर्गत परामर्श सेवा सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्नु,

(७) अस्पताल अन्तर्गतका आन्तरिक स्रोतको सुसञ्चालनको लागि आवश्यक व्यवस्था मिलाउनु,

(८) अस्पतालको कार्य सञ्चालनको मूल्याङ्कन गर्नु, गराउनु तथा स्वास्थ्य सेवालाई सदैव उत्कृष्ट र समय सापेक्ष बनाउन आवश्यक कार्य गर्नु गराउनु,

(९) अस्पतालको आफ्नो आन्तरिक स्रोतबाट आर्जन गरेको रकम अस्पताल विकासको लागि परिषद् वा समितिको निर्णय बमोजिम खर्च गर्नु, गराउनु,

(१०) आवश्यकतानुसार अस्पताल सुसञ्चालनको लागि अस्पताल निर्देशिकाको मस्यौदा बनाई समितिमा पेश गर्नु र समितिको निर्णय अनुसार गर्नु, गराउनु,

(११) प्रतिष्ठानको अन्य पदाधिकारीहरुसँग समन्वय गरी अस्पतालमा कार्यरत विभागीय प्रमुख लगायत सबै शिक्षक तथा कर्मचारीलाई सामान्य नियन्त्रणमा राख्नु तथा आवश्यक निर्देशन समेत दिनु,

(१२) अस्पतालको गतिविधिको विश्लेषण र मूल्याङ्कन सहितको प्रतिवेदन (Medical Audit) प्रत्येक ६-६ महिनामा समितिमा पेश गर्नु,

(१३) अस्पतालमा उपलब्ध मेशिन उपकरणहरुको सुरक्षा एवं मर्मत सम्भारको समुचित व्यवस्था मिलाउनु,

(१४) ऐन र नियमावलीद्वारा आफूलाई प्राप्त भएको अधिकार आफ्ना मातहतका कर्मचारीलाई प्रत्यायोजन गर्नुपर्ने भएमा आवश्यकतानुसार प्रत्यायोजन गर्नु,

(१५) उपकुलपतिबाट प्राप्त निर्देशनहरु कार्यान्वयन गर्नु, गराउनु,

(१६) ऐन तथा नियमावलीमा तोकिएको अन्य काम गर्नु ।

- अस्पताल निर्देशक गौरी शंकर शाहलाई प्रतिष्ठानको Ref. No. Ro 24/076-076 मिति २०७६।०५।१७ को पत्रानुसार साविकमा प्रत्यायोजित संशोधित आर्थिक तथा प्रशासनिक अधिकार मध्ये अर्को व्यवस्था नहुञ्जेलसम्मको लागि प्रशासनिक अधिकार साविक बमोजिम नै हुने गरी कामकाज गर्न र आर्थिक अधिकारका सम्बन्धमा पेश भएका फायल एवं कागजातहरु अध्ययन विश्लेषण पश्चात् सिफारिस गरी पठाउने गरी नि. उपकुलपति प्रा.डा. गुरु प्रसाद खनालले अधिकार प्रत्यायोजन गरेको देखिएको ।
- निज अस्पताल निर्देशकलाई साविकमा रु. ५ लाख सम्मको मालसामान वा सेवाको लागत अनुमान स्वीकृत गर्न, सोझै खरिद गर्न, भुक्तानी स्वीकृत गर्न, खर्च गर्न र मेडिकल उपकरणको मर्मत सम्भार सम्बन्धी कार्य गर्न सक्नेगरी संशोधित रुपमा अधिकार प्रत्यायोजन गरेको (प्रतिष्ठानको Ref. No. VCO/027/075-076 मिति २०७५।०६।१० को पत्र) देखिन्छ ।

## २. <u>प्रतिष्ठानको नियमावली विपरीत फिजियोलोजी विभागका प्रा.डा. दिलीप ठाकुरलाई अतिरिक्त जिम्मेवारी तोकी Deputy Director नियुक्त गरेको भन्ने सम्बन्धमा ।</u>

- निजलाई साविकमा गर्दै आएको काममा थप जिम्मेवारी दिई Deputy Director मा नियुक्त गरिएको हो भन्ने प्रशासन शाखाका कर्मचारीको भनाई रहेको । साथै उक्त प्रतिष्ठानको च.नं. ८७९ मिति २०७६।६।७ ले अतिरिक्त जिम्मेवारी तोकिएको पत्र डा. ठाकुरलाई दिएको छ । त्यस्तै च.नं. १३२४ मिति २०७६।७।२५ को पत्रबाट प्रा.डा. गुरु प्रसाद खनालले थप ११ वटा अधिकार प्रत्यायोजन बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान नियमावली, २०५५ को नियम ६.४ उपनियम ७ बमोजिम अस्पताल सेवा, शिक्षण तथा अनुसन्धानलाई प्रभावकारी बनाउन प्रत्यायोजन गरेको देखिन्छ ।

३. **चेक काण्डमा मुछिएका रुपा सिंघाची अग्रवाललाई आर्थिक चलखेल गरी पुन: आर्थिक प्रशासन महाशाखामा पुनर्वहाली गरिएको । सुवाध कन्सल्टेन्सी सँगको मिलेमतोमा निज अग्रवालले रु. २०,००,००,०००।- नियोजित रुपमा प्रतिष्ठानलाई आर्थिक नोक्सानी पारेको भन्ने सम्बन्धमा ।**

निजलाई हाल पुनर्वहाली नगरी हाल निज निलम्बनमा रहेको कुरा प्रशासन शाखाबाट जानकारी प्राप्त भएको । निजको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट कारवाही प्रकृया चलिरहेको भन्ने जानकारी प्राप्त भएको ।

४. **निलम्बित रजिष्ट्रार तुल बहादुर श्रेष्ठलाई रु. १,५०,०००।- निकासा गरेको भन्ने सम्बन्धमा ।**

यस सम्बन्धमा कुन गोश्वारा भौचर, भुक्तानी आदेश, के प्रयोजनका लागि र कुन मितिमा निकासा भएको भन्ने प्रस्ट नभएकोले उजुरीमा तथ्य र प्रमाण नदेखिएको ।

**(ङ) निलम्बनमा रहेका कम्प्युटर इञ्जिनियर राकेश कुमार दासलाई प्रकृया नपुर्याई आर्थिक चलखेलमा पुन: नियुक्ति गरी कम्प्युटर शाखा प्रमुख बनाइएको । निजले सक्कली सर्टिफिकेट पेश नगरेकोले अ.दु.अ.आ. को छानविनमा परेको भन्ने सम्बन्धमा ।**

यस सम्बन्धमा निजले गरिरहेको काममा कार्यालयको कार्यचाप अनुसार थप अतिरिक्त जिम्मेवारी दिइएको भन्ने जानकारी प्राप्त भएको । निजको सर्टिफिकेटका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानविन भइरहेको भन्ने प्रतिष्ठानबाट बुझिन आएको ।

**(च) इलेक्ट्रोनिक्स इञ्जिनियर राहुल मिश्रले अक्सिजन प्लान्ट जडानमा विलम्ब गर्दा करोडौं रुपैयाँ पर्ने अक्सिजन सिलिण्डर खरिद गर्न बाध्य बनाएको भन्ने सम्बन्धमा ।**

यस सम्बन्धमा स्थलगत रुपमा अवलोकन गरियो । प्लान्ट पूर्ण रुपमा सञ्चालन भएको देखिन्छ । प्रतिष्ठानलाई आपत्कालीन समयमा चाहिने अक्सिजन सिलिण्डर थप खरिद गरेको देखिन्छ । यसको विवरण अनुसूचीमा संलग्न छ ।

**(छ) इलेक्ट्रोनिक्स इञ्जिनियर राहुल मिश्रलाई Electromed शाखा प्रमुखमा नियुक्ति गरेको भन्ने सम्बन्धमा ।**

निज राहुल मिश्र इलेक्ट्रोनिक्स ईञ्जिनियर रहेको र प्लान्ट सञ्चालनको सम्पूर्ण कार्य जिम्मेवार निजले हेर्दै आएको पाइयो ।

**(ज) मिति २०७६।३।३० गते प्रतिष्ठानका निमित्त उपकुलपति पाएका डा. गुरु प्रसाद खनालले अनियमित तवरबाट प्रतिष्ठानलाई ठूलो आर्थिक भार पर्नेगरी आफू बस्ने क्वाटरको रु. २२,००,०००।- मा मर्मत गर्न लगाएको भन्ने उजुरीका सम्बन्धमा ।**

- बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानको आर्थिक प्रशासन शाखाको अभिलेखबाट प्राप्त विवरण अनुसार २२ लाख रुपैयाँ खर्च नभई मिति २०७६।६।१२ मा कर बीजक बमोजिम गणेश हिमाल निर्माण सेवा धरानलाई रु. ४,५३,२७४।४३ मात्र भुक्तानी भएको देखिन्छ ।
- कार्ययोजनाको विवरण अनुसार सो कार्यको लागि लागत अनुमान भ्याट बाहेक रु. ४,०९,७४२।४२ रहेको देखिन्छ ।
- प्राप्त कागजात अध्ययन गर्दा उजुरीको प्रस्तुत बुँदाका विषयमा सत्यता नदेखिएको ।

**(झ) हाल निलम्बित पूर्व उपकुलपति डा. बलभद्र प्रसाद दासको घरायसी एवं निजी प्रयोगको लागि प्रतिष्ठानका सवारी साधन तथा कर्मचारीलाई प्रयोग गर्ने गरेको भन्ने सम्बन्धमा ।**

यस सम्बन्धमा प्रतिष्ठानको प्रशासन शाखामा बुझ्दा कार्यालयको सवारी साधन कार्यालय प्रयोजनको लागि मात्र प्रयोग गरेको र आपत्कालीन अवस्थामा अन्य कर्मचारीहरुलाई समेत सरकारी प्रयोजनका लागि प्रयोग गर्न दिइएको जानकारी पाइयो ।

**(ञ) प्रतिष्ठानको निर्माणाधीन अनुमानित २ अरब ५० करोड लागतमा बन्न लागेको MCHBuilding मा आर्थिक अनियमितता भएकोभन्ने सम्बन्धमा ।**

- उक्त निर्माणाधीन भवनको हाल निर्माण कार्य रोकिएको ।
- यस विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समेत छानविन भइरहेको भन्ने जानकारी प्राप्त भएको ।

- कागजात अनुसार सो कार्यमा आ.व. ०७५/७६ सम्ममा रु. १ अर्ब १९ करोड बजेट निकासा भैसकेको । मिति २०७३।०३।२७ मा श्री शर्मा एण्ड रसुवा जे.भी. सँग सम्झौता भई निर्माण कार्य शुरु गरिएको । हाल सो भवन निर्माण कार्य स्थगित रहेको अवलोकनबाट देखिएको ।

**(ट) मन्त्रालयको पत्र तथा आदेश विपरीत मेडिकल अफिसरहरु नियुक्त गरेको । सो नियुक्तिमा प्रति Candidate मोटो रकम असुलेको । प्रतिष्ठानलाई आर्थिक भार पर्ने गरी Medical officers, Metrons को तलबमान वृद्धि गरेको भन्ने सम्बन्धमा ।**

- स्थानीय दैनिकमा सूचना निकाल्ने भनी मिति २०७६।०८।२५ मा स्वीकृत भएको । रिक्त पद र पदपूर्तिको अवस्था प्रतिष्ठानबाट प्राप्त भएको ।

**(ठ) प्रतिष्ठानले मिति २०७६।०९।०१ मा एसिस्टेण्ट प्रोफेसर, एसोसिएट प्रोफेसर, एडिसनल प्रोफेसर पदका लागि गरेको विज्ञापन प्रतिष्ठानको नियम विपरीत एवं दरवन्दीभन्दा बढी सिट संख्याको विज्ञापन गरेको । दरवन्दी नभएको पदमा लोक सेवा आयोगको परामर्श सहमति बेगर पद सृजना गरी विज्ञापन गरेको भन्ने सम्बन्धमा ।**

प्राप्त दरवन्दी तथा पदपूर्ति सम्बन्धी विवरण अनुसार प्रतिष्ठानको केही विभागहरुमा दरवन्दी भन्दा बढी हुनेगरी सूचना प्रकाशन गरेको पाइयो । प्रकाशित सूचना अनुसार उक्त पदहरुमा अन्तर्वार्ताबाट मात्र उम्मेदवार छनौट गरेको पाइएको । सो सूचना बमोजिम २०७६ माघमा नियुक्त गरिसकेको भन्ने जानकारी प्राप्त भएको ।

**(ड) पदाधिकारीहरुबीच पर्याप्त छलफल तथा का.स. बाट निर्णय नगरी एकलौटी ढङ्गले प्रतिष्ठान अन्तर्गतका करार सेवाका दैनिक ज्यालादारी कर्मचारीहरुलाई दिइने दैनिक ज्याला रु. ३९९।- बाट रु. ५१७।- गरी प्रतिष्ठानलाई थप आर्थिक भार दिएको भन्ने सम्बन्धमा ।**

जिल्लाको दररेट अनुसार कार्यकारिणी समितिको निर्णयबाट प्रतिष्ठानले उक्त दैनिक ज्याला रकम तोकेको भन्ने जानकारी प्राप्त भएको ।

**(ढ) नि.उपकुलपति प्रा.डा. गुरुप्रसाद खनालले प्रतिष्ठानको हित विपरीत प्रतिष्ठानले मिति २०७६।५।२८ मा लिएको MBBS परीक्षाको नतिजा प्रकाशन गर्दा समेत ठूलो आर्थिक चलखेलको आधारमा मनोमानी ढङ्गले साविकको परीक्षा समिति भङ्ग गरी परीक्षा समितिमा आफ्नो अनुकुलका मानिस राखी आफ्नी छोरी अनुष्का खनाललाई पास गराएको । प्रति विद्यार्थी रु. १० लाखका दरले ५० भन्दा बढी विद्यार्थीहरुबाट करोडौं असुली गरेको भन्ने सम्बन्धमा ।**

यस सम्बन्धमा प्रतिष्ठानको Academic Department प्रमुख नारायण चापागाईंसँग बुझ्दा- अत्यन्त गोपनीय ढङ्गले परीक्षार्थीको पहिचान नखुल्ने गरी Coding, Decoding को माध्यमबाट प्रतिष्ठानको परीक्षा सञ्चालन हुने गरेको, उत्तरपुस्तिका समेत प्रतिष्ठानभित्रै अत्यन्त गोप्य रुपमा परीक्षण गराउने गरिएको । त्यसैले उजुरीमा भनिए जस्तो सम्भावना नरहेको भनी जवाफ प्राप्त भएको ।

**(ण) म्याद सकिइसकेका Texan hotel, KTM Security आदिसँग साँठगाँठ गरी रकम असुली म्याद थप गरेको भन्ने सम्बन्धमा ।**

**द१ चमेना गृह (Texan hotel) सञ्चालन सम्बन्धमा-**

- सम्झौता अवधि २०७२।४।२५ देखि ३ वर्ष रहेको । मिति २०७५।४।२५ मा म्याद सकिएको ।
- सार्वजनिक खरिद ऐन, २०६३ विपरीत प्रतिस्पर्धा नगराई खरिद ऐन विपरीत गरी प्रतिष्ठानलाई हानी नोक्सानी पुर्याएको देखिन्छ ।
- सम्झौताको बुँदा नं. ५ मा "सम्झौता अवधि समाप्त भई नयाँ बन्दोबस्ती हुन नसकेको अवस्थामा प्रथम पक्षले दोस्रो पक्षलाई अन्तरिम व्यवस्थाको रुपमा साविककै भाडा दरमा पसल सञ्चालन गर्न दिन सक्नेछ" भनी उल्लेख भए पनि यो व्यवस्था अर्को प्रकृया शुरु भई सम्झौता नहुञ्जेलसम्मको लागि हुनुपर्नेमा यो दफाको दुरुपयोग गरी अनिश्चित कालको लागि सञ्चालन गर्न दिएको देखिन्छ ।

**द२ KTM Securityका सम्बन्धमा-**

- सम्झौता अवधि २०७२।६।२१ देखि ३ वर्ष रहेको । मिति २०७५।६।२० मा म्याद सकिएको ।
- बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको मिति २०७५।१२।१५ च.नं. ३४०५/०७५-७६ मा सुरक्षा व्यवस्था सम्बन्धी म्याद थप गर्ने सम्बन्धमा श्री के.टि.एम. सेक्युरिटी सर्भिसेज प्रा.लि. काठमाडौंसँग विगतमा गरिएका शर्त र सम्झौताको समयावधि मिति २०७५।६।२० मा समाप्त भइसकेकोले अर्को व्यवस्था नहुञ्जेल सम्मको लागि विगतमा भएको शर्त र सम्झौता बमोजिम हुनेगरी सुरक्षा सम्बन्धी कार्य गर्न गराउन सम्झौताको म्याद थप गरिएको भनी डेपुटि रजिष्ट्रार अमित श्रीवास्तवले हस्ताक्षर गरी के.टि.एम. सेक्युरिटी सर्भिसेज प्रा.लि. काठमाडौंलाई पत्राचार गरेको छ । कुन अवधिसम्म म्याद थप गरेको भन्ने समेत पत्रमा उल्लेख छैन । साथै कुनै निर्णय नगराई सो पत्र दिएको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ बमोजिम खुला रुपमा बोलपत्र आह्वान गरी सेवा खरिद गर्नुपर्ने प्रावधान रहेकोमा सो को विपरीत म्याद थप गरी प्रतिस्पर्धा प्रकृयामा अन्य सेवा प्रदायकलाई वञ्चित गराएको देखिन्छ ।
- करारनामाको बुँदा नं. १ मा "कार्य सन्तोषजनक भएमा आपसी समझदारीमा थप दुई वर्षका लागिम्याद थप गर्न सकिनेछ" भन्ने समेत उल्लेख गरे पनि के कारणले म्याद थप गरेको भन्ने पनि कहीँकतै उल्लेख नभएको ।
- सुरक्षा व्यवस्था करारमा लिने सम्बन्धमा 12-04-2019 मा online bidding निकालेको, १० वटा कम्पनीले बिड डकुमेण्ट पेश गरेको र छनौट प्रकृयामा रहेको देखिन्छ ।

**<u>(ध) नि. उपकुलपति डा. गुरु खनालको उजुरीको सम्बन्धमा (मिति २०७६।८।२९)</u>**

- तथ्य र प्रमाणमा आधारित नभई उजुरी दिएको ।
- कुन विषयमा अनियमितता गरेको भनी उजुरीमा प्रस्ट नखुलाइएको ।

## ४. निष्कर्ष

१. अस्पताल निर्देशकलाई प्रतिष्ठानको ऐन, नियमावली विपरीत अधिकारविहीन बनाएको भन्ने सम्बन्धमा :-उजुरीमा के कस्तो अधिकार खोसी अधिकारविहीन बनाएको भन्ने प्रस्ट नखुलाएको

तर उजुरीको व्यहोरा हेर्दा आर्थिक अधिकार नदिएको भन्ने बुझ्न सकिने देखिन्छ । प्रतिष्ठानको नियमावलीको नियम ६.४ मा उल्लेख भए बमोजिम नै निजलाई कामकाज तोकिएकोले यस विषयमा केही गरिरहन नपर्ने देखिन्छ ।

२. <u>निमित्त उपकुलपतिले Deputy Director नियुक्त गरेको भन्ने सम्बन्धमा :-</u>बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०४९ को दफा ४ बमोजिम उक्त प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था भएकोले प्रतिष्ठानको मर्म र उद्देश्य विपरीत नहुने गरी निमित्त उपकुलपतिले आवश्यक व्यवस्था गर्न सक्ने देखिन्छ ।

३. नेपालको संविधान, २०७२ को धारा २४३ मा लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । सोही धाराको उपधारा (२) मा "निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा लोकसेवा आयोगले सञ्चालन गर्नेछ " भनी उल्लेख भएको देखिन्छ । सोही उपधाराको 'स्पष्टीकरण' मा- यस धाराको प्रयोजनका लागि "संगठित संस्था" भन्नाले विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकका पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानुन बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ भन्ने उल्लेख गरिएको ।

तसर्थ उक्त व्यवस्थामा स्थायी, अस्थायी वा करारका पदहरु भन्ने कहींकतै विभाजन नगरेकोले नेपालको संविधान अनुसार प्रतिष्ठानको पदहरुमा समेत पदपूर्ति गर्न लोकसेवा आयोगले लिखित परीक्षा सञ्चालन गर्नुपर्ने देखिन्छ । तर सो कार्यमा लोकसेवा आयोगको संलग्नता नदेखिएको मात्र नभई लिखित परीक्षा नलिई अन्तर्वार्ताबाट मात्र छनौट कार्य गरेको देखिएकोले पदपूर्ति सम्बन्धी कार्य गर्दा अब आयन्दा समान प्रतिस्पर्धा र योग्यता प्रणालीको मान्यता अनुरुप पारदर्शी ढङ्गले तथा प्रचलित ऐन कानुन विपरीत नहुने गरी गर्नुपर्ने देखिन्छ ।

४. सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा नगराई Texan hotel (चमेना गृह), KTM Security लाई खरिद ऐन विपरीत सञ्चालन गर्न दिई प्रतिष्ठानलाई हानी नोक्सानी पुर्याएको देखिन्छ ।

## ५. <u>सुझावहरु</u>

क. बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई देहाय बमोजिमको निर्देशन दिनुपर्ने देखिन्छ-

१. चमेना गृह सञ्चालन, सुरक्षा व्यवस्थापन जस्ता विषयमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम समयमै प्रकृया पुर्याएर मात्र सञ्चालन तथा व्यवस्थापन गर्ने ।

२. Oxygen Plant को सञ्चालन प्रतिष्ठानबाटै भइरहेकोले प्रकृया पुर्याई अत्यावश्यक मात्र बाहिरबाट खरिद गर्ने ।

३. अस्पताल जस्तो संवेदनशील स्थानमा सेवा प्रवाहलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्ने ।

ख. उजुरीका केही विषयहरु सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानविनमा रहेको अवस्था विद्यमान छ । बाँकी उजुरीहरुका सम्बन्धमा केन्द्रबाट निर्देशन दिई तामेलीमा राखी लगत कट्टा गर्ने ।

**राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७७/०९/२९ को निर्णयः**

वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, सुनसरी धरान र निमित्त उपकुलपति प्रा.डा.गुरुप्रसाद खनाल सम्बन्धी विभिन्न उजुरीहरूका सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न गठित टोलीबाट पेश भएको छानबिन प्रतिवेदनका सम्बन्धमा छलफल गर्दा चमेना गृह सञ्चालन, सुरक्षा व्यवस्थापन जस्ता विषयमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम समयमै प्रक्रिया पुर्‍याएर मात्र सञ्चालन तथा व्यवस्थापन गर्ने, अक्सिजन प्लान्टको सञ्चालन प्रतिष्ठानबाटै भइरहेकोले कानूनी प्रक्रिया पुर्याथई अत्यावश्यक भए मात्र बाहिरबाट खरिद गर्ने, अस्पतालजस्तो संवेदनशील स्थानमा सेवा प्रवाहलाई प्रभावकारी ढंगले सञ्चालन गर्न निर्देशन दिने तथा उजुरीका केही विषयहरूमा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट छानबिन भई रहेकोले हाल फाइल तामेलीमा राखी लगत कट्टा गर्ने निर्णय गरियो ।